# जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि, २०६९

ऊर्जा मन्त्रालयवाट स्वीकृत मितिः २०६९।१०।१०

जलविद्युत आयोजनाको निर्माण एवं संचालन गर्नकालागि इच्छुक प्रवर्द्धकसंग गरिने आयोजना विकास सम्झौता प्रकृयालाई स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउन विद्युत नियमावली, २०५० को नियम ९४क ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि, २०६९" रहेकोछ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(१) "अनुमतिपत्र " भन्नाले विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिमको विद्युत उत्पादनको सर्वेक्षण तथा विद्युत उत्पादन अनुमतिपत्र सम्झनु पर्छ।
(२) "आयोजना" भन्नाले ५०० मेगावाट भन्दा कम जडित क्षमता भएको जलविद्युत आयोजनालाई सम्झनु पर्छ।
(३) "नियमावली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ।
(४) "मन्त्रालय" भन्नाले ऊर्जा मन्त्रालय सम्झनु पर्छ।
(५) "प्रबर्द्धक" भन्नाले कुनै आयोजनाको अनुमतिपत्रका लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।
(६) "सम्झौता" भन्नाले यस कार्यविधि बमोजिम सम्पन्न गरिने आयोजना विकास सम्झौता सम्झनु पर्छ।
(७) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ।

३. **आयोजना विकास सम्झौता सम्बन्धी व्यवस्थाः**

(१) कुनै प्रवर्द्धकले आफूले उत्पादनगरेको विद्युत स्वदेश भित्रबिक्री गर्ने उद्देश्यले आयोजनाको विकास गर्ने गरी नेपाल सरकारसंग सम्झौता गर्न चाहेमा सो आयोजनाको लागि प्रदान गरिएको अनुमतिपत्र बहाल रहेकै समयावधिभित्र अनुसूची १ बमोजिमको ढाँचामा विभागमादरखास्त दिनुपर्नेछ।
(२) उपदफा (१) बमोजिम दिइने दरखास्तसाथ देहाय बमोजिमका कागजात विवरणहरु संलग्न गर्नु पर्नेछ :

(क) आयोजनाको सम्भाव्यता अध्ययन सम्बन्धमा तयार पारिएको आयोजनाको लागत अनुमान,वित्तीय विश्लेषण, ड्रईङ्ग डिजाईन सहितको अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन ;

(ख) आयोजनाको सम्बन्धमा प्रवर्द्धकको तर्फवाटस्वीकृतिका लागि पेश भएको अन्तिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन;

(ग) नेपाल विद्युतप्राधिकरणसंग भएको विद्युत खरिद विक्री संझौतापत्र (पावरपर्चेज एग्रिमेन्ट) वा कनेक्शनएग्रिमेन्टको प्रतिलिपी ।

(घ) आयोजनामालगानी गर्न इच्छुक वित्तीयसंस्थाबाट आयोजनामा लगानी सम्बन्धमाजारी गरेको आशयपत्र ।यस्तो आशयपत्र सम्बन्धित लगानी कर्ताले आयोजनाको सम्भाव्यता अध्ययन सम्बन्धी प्रतिवेदनहरुको अध्ययन एवं विश्लेषण (ड्यू डिलिजेन्स) गरी जारी गरेको हुनुपर्नेछ र सो व्यहोरा आशयपत्रमा समेत उल्लेख भएको हुनुपर्नेछ।

(ङ) आयोजना लगानी हुने कुल पूँजीको सम्बन्धमा प्रवर्द्धकले ऋण-स्वलगानी ढाँचा तथा स्वःलगानीमा लगानी गर्ने शेयर होल्डरहरुको आर्थिक हसियत देखिने गरी कागजातको सन्दर्भमा हरेक शेयर होल्डरहरुले आफनो स्वःलगानीका पचास (५०) प्रतिशत रकम बराबरको नेट वर्थ ।

(च) आयोजनाको कूल वित्तीय लागतको कम्तिमा बीस प्रतिशत स्वःलगानी (ईक्वीटी) को हिसावले हुन आउने रकमको कम्तिमा पचास (५०) प्रतिशत रकम बराबरको खुद सम्पत्ति (नेट वर्थ) रहेको प्रमाणित कागजात ; र

(छ) प्रतिस्पर्धा नगरी अनुमतिपत्र प्रदान गरिएको आयोजनाको हकमा सो आयोजनाको अन्तिम अध्ययन प्रतिवेदनमा उल्लेख भए अनुसार आयोजनाको जडित क्षमता अनुसार प्रति मेगावाट एकहजार पाँचशय अमेरिकी डलरका दरले हुन आउने रकमProcessing Fee को रुपमा नेपाल सरकारको धरौटी खातामा जम्मा गरेको भौचर अनुसार विभागवाट प्राप्त नगदी रसीद ।

(३) आयोजनाबाट उत्पादनहुने विद्युत विदेशमा विक्री गर्ने उद्देश्यले आयोजना विकास गर्न चाहने प्रवर्द्धकले नेपाल सरकारसंगसम्झौता गर्न चाहेमा उपदफा (२) मा उल्लिखित (उपदफा (२) को खण्ड (ग)मा उल्लेख गरिएको बाहेक) कागजात विवरणका साथै देहाय बमोजिमका थप विवरणहरु समेतअनुसूची १ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ :

(क) नेपाल सरकारबाट जारी गरिएको विद्युत निर्यातको सैद्धान्तिक स्वीकृती वा समझदारीपत्र वा सो सम्बन्धी निर्यातसम्झौता ; र

(ख) विद्युत खरिद गर्न चाहेको खरिदकर्ता राष्ट्र वा संस्थासंग भएको विद्युत खरिद विक्री सम्झौता वा विद्युत खरिद बिक्री सम्बन्धमा भएको समझदारीपत्रवा तत्सम्बन्धी आशयपत्रको प्रमाणित प्रति ।

(४) कुनै प्रवर्द्धकले आफुले उत्पादन गर्ने विद्युतको केही अंशवा समय  स्वदेश र केही अंश वा समय विदेशमा बिक्री गर्ने गरी आयोजनाको विकास गर्नेउद्देश्यले सम्झौता गर्न चाहेमा दफा ३ को उपदफा (२)र उपदफा(३) बमोजिमका विवरणहरु सहित अनुसूची १बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनुपर्नेछ ।

४. <u>**कार्यविधि लागूहुनुभन्दा पहिले दिएका दरखास्तको संम्बन्धमाः**</u>(१)  यो कार्यविधि लागू हुनुभन्दा पहिले आयोजना विकास सम्झौताको लागि दरखास्त दिएका प्रबर्द्धकको हकमा अनुमतिपत्र बहाल रहेको अवधि भित्रै विद्युत उत्पादनको अनुमतिपत्रको लागि नियमावली बमोजिम रीत पूर्वक ( आवश्यक कागजात विवरण, दस्तुर आदि)को दरखास्त दिएका देहायकोअवस्थामामात्र यसकार्यविधि बमोजिम कारवाही गरिने छ ।

(२)उपदफा (१) बमोजिम दरखास्त दिएका प्रबर्द्धकले दफा ३ बमोजिम पेश गर्नु पर्ने कुनै कागजात विवरणहरु पेश नगरेको भए यो कार्यविधि लागू भएको मितिबाटसाठी (६०)दिनभित्र सम्पूर्ण कागजात विवरणहरु पेश गर्नुपर्नेछ ।

तर कुनै प्रवर्धकले उचित र पर्याप्त कारण सहित म्याद थपका लागि अनुरोध गरेमा विभागले बढीमा तीस (३०) दिनसम्मको म्याद थप गरिदिन सक्नेछ ।

५. <u>**दरखास्त उपर जाँचबुझ**</u> : (१) सम्झौताको लागि पेश हुन आएका दफा ३ वा दफा ४ बमोजिमका दरखास्त एवं कागजात विवरणहरु मन्त्रालय आफैले वा विभाग मार्फत जाँचबुझ गर्ने गराउनेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्रबर्द्धकवाट पेशहुन आएका अध्ययन  प्रतिवेदनको गुणस्तर, कागजात विवरणहरुको आधिकारिकता लगायत आवश्यक विषयमा जाँचबुझ गर्दा प्रवर्द्धकबाट थप विवरण वा जानकारी माग गर्नसकिने छ ।

(३) उपदफा (२) बमोजिम दरखास्त उपर जाँचबुझ गर्दा दफा ३ वा दफा ४ मा उल्लेख गरिए बमोजिमका कागजात विवरण नपुग भएको देखिएमा वा  तोकिएको म्याद भित्र पेश भएको नदेखिएमा वा कुनै कागजातको आधिकारिकता पुष्टि हुन सक्ने नदेखिएमा त्यस्तो दरखास्तलाई रीतपूर्वकको  दरखास्त मानिने छैन ।

(४) उपदफा ३ बमोजिम  कुनै प्रबर्द्धकको दरखास्त रीत पूर्वकको नभएको पाईएमा सो दरखास्त उपर कुनै कारवाही गरिने छैन । यसरी कारवाही नगरिने  व्यहोराको जानकारी प्रबर्द्धकलाई दिनु पर्नेछ ।

६. <u>**दरखास्त उपर कारवाही नहुनेः**</u>यस कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम उपलब्ध गराईएको समयावधि वा तोकिएको म्याद भित्र आवश्यक कागजात विवरण पेश नगर्ने तथादफा ५ बमोजिम जाँचबुझ गर्दा रीतपूर्वक नभएको कारणवाट कुनै कारवाही नहुने निर्णयभईसकेपछि सोही प्रबर्द्धकको दरखास्तमा पुनः सो सम्बन्धी कारवाही अगाडि बढाइने छैन ।

७.**वार्ताका प्रकृया** : (१) नेपाल सरकारले प्रबर्द्धक संग वार्ता गर्नको लागि वार्ता टोली गठन गर्नेछ ।दफा ५ बमोजिम जाँचबुझ कार्य सम्पन्न भई सकेपछि वार्ता टोलीले वार्ताका लागिप्रबर्द्धकलाई लिखित जानकारी दिनुपर्नेछ । यसरी जानकारी दिंदा वार्ता गर्ने मिति, समय र स्थान समेत उल्लेख गर्नु पर्नेछ । वार्ता प्रकृया शुरु भएपछि वार्तालाई आपसी सहमतिका आधारमा निरन्तरता दिईनेछ ।

(२)वार्ता टोलीले आवश्यक ठानेमा वार्ता टोलीमा अन्य व्यक्तिहरु (जस्तैःबरिष्ठ अधिकृत वाकानूनविदवा सम्बन्धित विषयको विज्ञ ) लाई समेत आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन सक्नेछ ।

(३) प्रबर्द्धकले आफ्नो तर्फवाट वार्तामा सहभागी हुने र सम्झौतामा हस्ताक्षर गर्ने प्रतिनिधिको नामावली र अख्तियारनामा वार्ता हुनु अगावै मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) वार्ता टोलीले वार्तामा सहभागी प्रतिनिधिहरुको उपस्थिति र छलफलको अभिलेख राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम पहिलो पटक वार्ताको लागि आह्वान गर्दा तोकिएको समयमा प्रबर्द्धकवार्तामा सहभागी हुन नआएमावा वार्ता प्रकृया शुरु भए पछि मन्त्रालयसंग समन्वय नगरी उचित कारण र पर्याप्त आधार बिना वार्तामा अनुपस्थित भएमा वार्ता अवरुद्ध भएको मानिनेछ । त्यसरी वार्ता अवरुद्ध गर्ने वा वार्ता अवधि लम्ब्याउने प्रबर्द्धक संगपुनः वार्तागर्न मन्त्रालय बाध्य हुने छैन र त्यस्तो प्रबर्द्धकवाट दफा ३(२)च वमोजिम जम्मा हुन आएको धरौटी रकम राजश्व खातामा जम्मा गरिनेछ ।

८. **सम्झौता सम्पन्न गर्ने तरीका र कार्यान्वयन** :(१) नेपाल सरकारवाट स्वीकृत "नमूना आयोजना विकास सम्झौता (मोडेल प्रोजेक्ट डेभलपमेन्ट एग्रिमेन्ट) मा उल्लेख गरिएका प्रावधानहरुको अधीनमा रहीवार्ता टोलीर प्रबर्द्धकका प्रतिनिधि बीच ७ बमोजिम वार्ता प्रकृयाद्वारा तय भएको सहमतिको आधारमा सम्झौता गरिनेछ ।

(२) नेपाल सरकारको तर्फवाट तोकिएको अधिकृतले मात्र सम्झौतामा हस्ताक्षर गर्नेछ । सम्झौतामा दुवै पक्षका आधिकारिक प्रतिनिधिको प्रारम्भिक हस्ताक्षर सम्पन्न भएपछि स्वीकृतीका लागि नेपाल सरकार मन्त्रिपरिषद समक्ष पेश गरिनेछ ।

(३) नेपाल सरकार (मन्त्रिपरिषद)बाट सम्झौता प्रस्ताव स्वीकृत भए पश्चात् स्वीकृत सम्झौतामा हस्ताक्षर गरिनेछ ।

(४) नेपाल सरकारवाट सम्झौताको लागि प्रवर्द्धकलाई निमन्त्रणा भए पश्चात् आयोजनावाट जम्मा हुन आएको धरौटी रकम राजश्व खातामा जम्मा गरिनेछ ।

९. **विविधः** दफा ३ को उपदफा (२) को खण्ड (ङ) को प्रयोजनको लागि खुद सम्पत्ति (नेटवर्थ)को विवरण प्रचलित नेपाल कानून बमोजिम दर्ता भएको चार्टड एकाउन्टेन्टबाट प्रमाणित गराई पेशगर्नु पर्नेछ । त्यस्तो विवरणको साथमा पछिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रति समेत संलग्न गरेकोहुनुपर्नेछ ।

टिकट

## अनुसूची १

**(कार्यविधिको दफा ३को उपदफा (१),(३)र (४)संग सम्बन्धित)**

श्रीमान् सचिवज्यू
ऊर्जा मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

मार्फत:
श्रीमान् महानिर्देशकज्यू
विद्युत विकास विभाग,
काठमाडौं ।

**विषय: आयोजना विकास सम्झौता सम्बन्धमा ।**

महोदय,

यस कम्पनीवाट अध्ययन सम्पन्न गरिएको ...... .... .................जलविद्युत आयोजनाको निर्माण एवं सन्चालनका लागि हामी नेपाल सरकारसंग **आयोजना विकास सम्झौता** गर्न ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेका छौं ।

**विवरणहरु** :

१. प्रवर्द्धकको नाम :

२. ठेगाना:

३. आयोजना रहेको क्षेत्र: अञ्चल: ............................जिल्ला:............................गा.वि.स.हरु:

(क) ( ख) (ग)

पूर्व: पश्चिम:

उत्तर: दक्षिण:

४. विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या र मिति :

५. विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरेको भए अनुमतिपत्र संख्या र मिति:

६. जडित क्षमता:

७. विद्युत खरिद गर्ने संस्था:

८. विदेशमा विद्युत निर्यात गर्ने भए गर्ने सो मुलुक तथा संस्थाको नाम:

९. नेपाल र विदेश दुवैमा विद्युत बिक्री गर्ने भए (ऊर्जा तालिका संलग्न गर्नुपर्नेछ):

क) नेपालमा बिक्री गर्ने परिमाण/क्षमता:

(ख) विदेशमा बिक्री गर्ने परिमाण/क्षमता:

१०. संलग्न कागजात विवरणहरु:

(क)

(ख)

(ग)

(घ)

(ङ)

...

११. अन्य विवरण केही भए :

निवेदक वा अख्तियार प्राप्त व्यक्तिको

हस्ताक्षर:

नाम:

मिति:

कम्पनीको छाप

*(निवेकले निवेदनसाथ सम्बन्धित कम्पनीको तर्फवाट प्राप्त अख्तियारनामा पेश गर्नु पर्नेछ ।)*